# व्यवसायिक बाखापालन तालिम




## निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड
## राहाले, पर्बत

०७-०९ बैशाख २०७९

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका आफ्ना ३२ जना ग्राहक सदस्यहरुको सहभागितामा २०७९ बैशाख ०७ गते देखि ०९ गते सम्म पर्वत जिल्लाको राहाले स्थित पर्वत बहुमुखी क्याम्पसको हलमा **"व्यवसायिक उन्नत बाखापालन तालिम"** सम्पन्न गरेको छ । यस तालिम कार्यक्रमको सभापतित्व श्री चिना के.सी.ले गर्नु भएको थियो भने प्रमुख अतिथिमा फलेवास न. पा. वडा नं. ६ का वडाध्यक्ष श्री भोलानाथ भुषाल; विशिष्ट अतिथिमा कार्यक्रम अधिकृत श्री दामोदर पाठक; अतिथिहरुमा नगर कार्यपालिका सदस्य श्री निर्मला भुषाल, क्याम्पस प्रमुख श्री होम नाथ शर्मा तथा समाज सेवी श्री भरत कुमार श्रेष्ठ; प्रशिक्षकहरुको तर्फबाट कृषि अधिकृत श्री सन्तोष सुबेदी, पशु प्राबिधिक श्री प्रताप पौडेल र संस्थाको तर्फबाट शाखा प्रमुख श्री रामबाबु रानाभाट, लेखापाल श्री सुबोध पराजुली, सहायक कर्मचारी श्री दिलमाया पुन तथा केन्द्र परिचालक श्री सुमित्रा कुमारी नेपाली रहेका थिए ।

एक परिवारमा एक जना उद्यमी बनाउन संस्थाले पहल गरी रहेको, संस्थाले साढे दुई दशक देखि निरन्तर लघुवित्त सेवा दिई रहेको तथा संस्थाबाट कर्जा लिई ब्यवसाय गरी धेरै घर परिवार आर्थिक समुन्नति तिर अगाडि बढेको संस्थाका क्षेत्रीय कार्यालय पोखराका कार्यक्रम अधिकृत श्री दामोदर पाठकले बताएका थिए । तालिममा सहभागीहरुलाई स्वागत गर्नुका साथै तालिमको उद्देश्य बारेमा संस्थाको राहाले शाखा कार्यालयका प्रमुख रामबाबु रानाभाटले प्रकाश पारेका थिए ।



तालिममा बाखा पालन ब्यवसाय एक परिचय, स्थानीय र उन्नत बाखामा भिन्नता, बाखा पालनको महत्व, आवश्यकता र वर्तमान स्थिति तथा नेपालमा पालिने स्थानीय तथा उन्नत नश्लका बाखाहरुको जातीय परिचय, बाखा पालन विधि, उमेर अनुसार पाठापाठी, बाखा बोकालाई भूँईको आवश्यकता तथा खोर निर्माण गर्न स्थानको छनौट, स्थानीय श्रोत साधन प्रयोग गरी उन्नतखोर निर्माण गर्ने तरिका र खोरमा हावा, ताप, प्रकाश, आर्द्रताको महत्व, सोत्तरको महत्व एवम् सोत्तरको लागि प्रयोग गरिने वस्तुहरु, उमेर अनुसार बाखालाई आहारको आवश्यकता तथा आहाराका श्रोतहरु (भूँई घाँस, डाले घाँस, चरन क्षेत्र बारे जानकारीको साथै सन्तुलित दाना बनाउने विधि र स्थानीय श्रोत साधनको प्रयोग गरी सन्तुलित दाना बनाउने तरिका, प्रजननको लागि बाखा तथा बोकाको छनौट गर्ने तरिका, प्रजनन गराउने उमेर, स्वजातीय तथा प्रजातीय प्रजननबाट हुने फाईदा बेफाईदा बारे जानकारी, थारा, ब्याउने बाखा, पाठा र पाठी र ब्याएको माउको हेरचाह, खोर, दानापानी दिने भाँडाहरुको सरसफाईको साथै खसी पार्ने उमेर र तरिकाहरु बारे आवश्यक जानकारी, रोग तथा निरोगी बाखाको पहिचान, रोग लाग्नाका कारण तथा बाखामा लाग्ने पिपिआर रोग, टिम्पेनी, छेरौटी रोग, बाखाको छ मासे रोग, खोरेत रोग, रेविज रोगको लक्षण, उपचार तथा रोकथामका उपायबारे जानकारी, बाखामा हुने आन्तरीक र वाह्य परिजिविहरुको नियन्त्रण साथै खोप कार्यक्रम बारे जानकारी, स्थानीय बाखा पालनको महत्व, कमी, कमजोरी, संरक्षण तथा विकास, बजार ब्यवस्थापन तथा बाखापालनको स्किम बारेमा विभिन्न सत्रहरु सञ्चालन गरिएको थियो ।

बाख्रा पालन गरी रहेका संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गर्न यस तालिममा सहभागी गराईएको संस्थाका राहाले शाखाका शाखा प्रमुख श्री रामबाबु रानाभाटले जानकारी गराएका थिए । तालिम कार्यक्रमका सहभागीहरु लाई बचतको महत्व, संस्थाको पब्लिक डिपोजिट, संस्थाका सेवाहरु आदिका बारेमा पनि जानकारी दिईएको थियो । साथै पर्बत जिल्लाको राहाले शाखाबाट एक जना छात्र र एक जना छात्रा लाई डा. हरिहरदेब पन्त स्मृति छात्रबृत्ति अर्न्तगत प्रमाण पत्र र जनही नगद रु. ६,०००।- प्रदान गरिएको थियो ।



तालिमको उद्घाटन फलेवास नगरपालिका वडा न. ६ का वडाध्यक्ष श्री भोलानाथ भुषालले गर्नु भएको थियो । श्री भुषालले तालिमबाट लिएको ज्ञान सीपलाई उपयोग गर्दै आत्मनिर्भरता तिर लाग्न सहभागीहरु लाई प्रेरित गर्दै तालिमको सफलताको कामना गर्नु भएको थियो । त्यसैगरी नगर कार्यापालीका सदस्यले तालिमले सहभागीहरुको भावी जीवनमा सकरात्मक परिवर्तन ल्याउन सकोस भन्दै तालिमको सफलताको शुभकामना दिनुभएको थियो ।

तालिममा सहभागी श्री प्रभा राई तथा श्री चिना के.सी.ले मन्तब्य राखेका थिए । ब्यवसायिक रुपमा उन्नत बाख्रा पालन गरेर राम्रो फाईदा लिन तालिमले सहयोग गर्ने सहभागीहरुले बताएका थिए । तालिम कार्यक्रमको सञ्चालन राहाले शाखाका लेखापाल श्री सुबोध पराजुलीले गरेका थिए ।